मिति: २०७९/११/२८

# छात्रवृत्तिमा अनलाइन दरखास्त फाराम भर्ने उम्मेदवारहरुले ध्यानदिनुपर्ने महत्वपूर्ण कुराहरु !

पोखरा विश्वविद्यालयको स्नातकोत्तर तथा एमफिल तह छात्रवृत्ति कार्यक्रममा अनलाइन दरखास्त फाराम भर्ने व्यवस्था मिति २०७९/११/२८ गतेदेखि मिति २०७९/१२/१५ गतेसम्म रहने व्यहोरा सर्वप्रथम सम्बन्धित सबैको लागि जानकारी गराइन्छ । दरखास्त दिने उम्मेदवारहरुले यो लिङ्क **(Website: https://pu.edu.np/ अथवा https://scholarship.pu.edu.np)** मा गइ तपशिल बमोजिम गर्न सम्बन्धित सबैलाई सूसुचित गरिन्छ ।

(१) सम्बन्धित लिङ्कमा गइ पोखरा विश्वविद्यालय स्नातकोत्तर तथा एमफिल तह छात्रवृत्ति कार्यक्रमको Detail Notice को राम्रो अध्ययन गर्नु होला ।

(२) अनलाइन दरखास्त फाराम कसरी र के गरेर भर्ने भनि भिडियो (https://youtu.be/WhtaEnU-QIM) अपलोड गरिएको छ उक्त भिडियोलाई राम्रो सँग हेर्नु होला ।

(३) उम्मेदवारहरुले अनलाइन फाराम भर्दा अनिवार्य आफ्नो Gmail ID बनाउनु पर्नेछ । अथवा यस अघि यो लिङ्क **(Website: https://scholarship.pu.edu.np)** मा गइ Gmail ID बनाई Profile Setup गरिसकेको छ भने त्यही पुरानै Profile Setup बाट Scholarship Apply गर्नुपर्ने हुन्छ । नयाँ Gmail ID बनाई Profile Setup गर्न मिल्दैन ।

(४)अनलाइन फाराम भर्ने उम्मेदवारहरुले Profile Setup गर्नुभन्दा पहिले अपलोड गर्नुपर्ने आफ्ना सम्पूर्ण डकुमेन्टहरु नागरिकता, एसइइ वा एसएलसी, प्लस टु, स्नातक तथा स्नातकोत्तर तहका सम्पूर्ण प्रमाणपत्रहरु र अन्य सिफारिस पत्रहरुलाई अनिवार्य रुपले स्क्यान गर्नुपर्नेछ । स्क्यान गरेको डकुमेन्टलाई jpg image मा सेभ गरेर मात्र Profile Setup गर्न डकुमेन्ट अपलोड गर्नुपर्नेछ । कुनै पनि डकुमेन्टलाई मोवाइलबाट फोटो खिचेर अपलोड गर्नु हुदैन । त्यसरी अपलोड गरिएको डकुमेन्टलाई Software System ले सपोर्ट गर्न सक्दैन ।

(५)Profile Setup गर्दा फरक फरक आइडि युज गर्नु हुदैन । एउटै आइडि बाट गर्नुपर्छ । नत्र Gmail verification हुन, Profile Setup हुन समस्या हुनेछ भने अनलाइन फारम भर्दा सफ्टवेयरले सपोर्ट गर्दैन ॥

(६) उम्मेदवारहरुको आफ्नो Email मा Gmail ID को Verification code आएपछि मात्र अनलाइन फाराम भर्नुपर्नेछ ।

(७) अनलाइन दरखास्त फाराम भर्दा उम्मेदवारहरुले सर्वप्रथम आफ्नो Profile Setup गर्नुपर्नेछ । Profile Setup गर्दा क्रमश: Basic Information, Contact Information, Guardian Information, SEE Information, Quota Information, Intermediate Education Information and Bachelor Education Information लाई नछुटाईकन भर्दै र आफ्नो पासवर्ड राखी सेभ गर्दै जानुपर्छ । यसरी सेभगरि सकेपछि Profile Setup हुन्छ । यसरी Profile Setup भएको Profile लाई तुरुन्तै Dashboard मा Login गरी Latest Scholarship मा भएको Master in Population Gender and Development (MPGD), Master of Arts in English and MPhil in English Program मध्ये कुन Program मा Apply गर्ने हो आफैले रोजेर Apply गर्नुपर्छ । त्यसपछि मात्र फाराम verify हुन्छ ।

(८)आफु कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म सार्वजनिक विद्यालयमा अध्ययन गरी एसईई वा एसएलसी उत्तिर्ण गर्नुभएको हो भने त्यस्ता उम्मेदवारहरुले सार्वजनिक विद्यालयमा अध्ययन गरेको सिफारिस अनुसूचि-२ को फरम्याटमा नै पेश गुर्नपर्ने भएको हुदा उक्त फरम्याट दिएकै लिङ्कमा उपलब्ध हुने भएकोले अनिवार्य रुपमा उम्मेदवारहरुले सो फरम्याट डाउनलोड गरी सार्वजनिक विद्यालय अध्ययन गरेको सिफारिस उक्त फरम्याटमानै बनाइ पेश गर्नुपर्ने छ ।

(९)उम्मेदवारहरुले पेश गरेको अनलाइन दरखास्त फाराम नियमानुसार नमिलेको भए सम्बन्धित उम्मेदवारहरुलाई एकपटकसम्म मात्र Re-Submit गर्ने अवसर हुनेछ ।

(१०)उम्मेदवारहरुले पेश गरेको अनलाइन दरखास्त फाराम नियमानुसार नमिलेको भए र एकपटक Re-Submit को मौका पनि पाइसकेको भए त्यस्तो उम्मेदवारहरुको फाराम रुजुगर्ने रुजुकर्ताले पेश हुन आएको कागजातहरुको आधारमा खुला र आरक्षण जुनमा समावेश गर्न मिल्छ सोही अनुसार उम्मेदवारहरुलाई समावेश गरिनेछ । अन्यथा रित नपुऱ्याइ भरेको फाराम रद्ध हुनेछ ।

**स्नातकोत्तर तह छात्रवृत्ति छनौट समिति, २०७९**
**मानविकी तथा सामाजिक शास्त्र संकाय**
**पोखरा विश्वविद्यालय**
**पोखरा -३०, लेखनाथ, कास्की ।**